नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोन नं. ०१४२६५९०८

बबरमहल,
काठमाडौं, नेपाल।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

मितिः २०८१/०१/०१
ने. सं. ११४४ चौलाथ्व, ५

## प्रेस विज्ञप्ति

नयाँ वर्ष २०८१ सालको सुखद अवसरमा काठमाडौं जिल्लाबासी सम्पूर्ण महानुभावहरूमा सुख, शान्ति, समृद्धि एवं उत्तरोत्तर प्रगतिका निम्ति हार्दिक शुभकामना व्यक्त गर्दछौं।

मिति २०८०।१२।३० को जिल्ला सुरक्षा समितिको निर्णयानुसार नयाँ वर्षको शुभारम्भसँगै मिति २०८० वैशाख १ गतेदेखि ठमेल र दरबारमार्ग क्षेत्रमा आम नागरिकलाई जुनसुकै समयमा वस्तु तथा सेवा उपभोग गर्ने अवसर सिर्जना गर्न, पर्यटकीय गतिविधि बढाउन तथा रात्रिकालीन समयमा हुने व्यवसायिक गतिविधिबाट अर्थतन्त्रलाई थप चलायमान बनाउन सबै किसिमका व्यापार व्यवसाय चौबिसै घण्टा सञ्चालन हुने व्यवस्था मिलाइएको छ। ठमेल र दरबारमार्ग क्षेत्रलाई पूर्ण सुरक्षा प्रत्याभूति सहित थप मर्यादित, व्यवस्थित र अनुशासित बनाउने प्रयोजनको लागि **"पूर्ण समय व्यवसाय सञ्चालन सम्बन्धी आचारसंहिता एवं सुरक्षा व्यवस्थापन मापदण्ड, २०८०"** समेत जिल्ला सुरक्षा समितिबाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको छ। व्यवसायी, उपभोक्ता, श्रमिक, स्थानीय बासिन्दा, सुरक्षा निकाय, स्थानीय तह लगायत सबै सरोकारवालाहरूबाट आचारसंहिता एवं मापदण्डको पूर्ण परिपालना एवं कार्यान्वयन गरी बजार क्षेत्रलाई जीवन्त तुल्याई उदाहरणीय पर्यटकीय तथा व्यवसायिक गन्तव्य बनाउन आवश्यक छ।

त्यस क्षेत्रका सबै सरोकारवालाले समन्वयात्मक रुपमा आ-आफ्नो जिम्मेवारी पूरा गरी चौबिसै घण्टा व्यवसाय सञ्चालन गर्ने माहोल सिर्जना गर्नु हामी सबैको दायित्व हो । आचारसंहिता एवं मापदण्ड विपरीतका गतिविधि गरे गराएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही भैजानेतर्फ सचेत रहन समेत सबैमा हार्दिक अनुरोध छ ।

२०८१।०१।०१
(हरि प्रसाद शर्मा)
स.प्र.जि.अ./ प्रवक्ता